म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २६० शुक्रबार, १९ बैशाख २०८२ ने. सं. ११४५ बछलाथ्व 2 May 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पूर्वउपराष्ट्रपति पुनले वाईसिएलको जिल्ला सम्मेलन उद्घाटन गर्ने

हेटौंडा, १८ बैशाख/योङ कम्यूनिष्ट लिग वाइसिएल मकवानपुरको पाँचौं जिल्ला सम्मेलन यही वैशाख २२ गते हुने भएको छ । नेकपा माओवादी केन्द्रका उपाध्यक्ष एवम् पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'को प्रमुख आतिथ्यतामा सम्मेलन हुन लागेको हो । उद्यमशिलता, नवप्रवर्द्धन र स्वरोजगार भन्ने मूलनाराकासाथ हुने सम्मेलन सुशासन, समृद्धि सामाजिक न्याय र समाजवादको पक्षमा केन्द्रित रहने बताइएको छ । सम्मेलनमा जिल्लाका दशवटै स्थानीय तहबाट करिब ४ सय प्रतिनिधि स्वयम्सेवक सहभागी रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । वाइसिएल मकवानपुरमा करिब २ हजार युवा आवद्ध रहेको संयोजक लवराज ठकुरीले जानकारी दिए । सम्मेलनबाट नयाँ नेतृत्व चयन गरिनेछ । ७१ सदस्यीय कार्यसमितिका ११ पदाधिकारी रहने व्यवस्था रहेको छ । सम्मेलनले वडादेखि पालिकासम्म युवा भूमिकालाई सशक्त बनाउने रणनीति तय गर्ने संयोजक ठकुरीले बताए ।

### बैशाख २८ देखि बागमती प्रदेश युवा सम्मेलन हुँदै

# सरकार र युवालाई एउटै थलोमा अन्तरसंवाद गराइने

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ प्रदेश युवा परिषद् बागमतीले बैशाख २८ गतेदेखि ३० गतेसम्म बागमती प्रदेश युवा सम्मेलन २०८२ आयोजना गर्दैछ ।

२०८० देखि लगातार प्रदेश युवा सम्मेलन गर्दै आएको परिषद्ले लगातार तेस्रो श्रृंखलाकारुपमा युवा सम्मेलनको तयारी गरिरहेको छ । प्रदेशभरबाट गुगल फर्म भरेर छानिएका तीनसय ५० युवा सम्मेलनमा प्रत्यक्ष सहभागी हुनेछन् । परिषदले वेभसाईट, राष्ट्रिय टेलिभिजन र सामाजिक सञ्जालका विभिन्न प्लेटफर्मबाट लाखौं युवालाई कार्यक्रममा सहभागी गराउने तयारी गरिरहेको छ । सरकार र युवालाई एउटै थलोमा अन्तरसंवाद गराउने अवधारणाअनुरुप नै सम्मेलन गर्न लागिएको परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले बताए ।

'युवा अध्ययन, रोजगारी र सीपका लागि संसारभर अवसरको खोजीमा लाग्न थालेका छन् । यसरी देशविदेशमा अवसरको खोजी गर्दै हिडीरहेका युवालाई सरकारसँग अन्तरसंवादमा जोड्नुपर्छ भन्ने मुख्य ध्येयका साथ परिषदले युवा सम्मेलनको आयोजना गर्ने अवधारणा अघि सारेको हो' उनले बताए । उपाध्यक्ष चौलागाईले युवालाई सीप सिकाई दक्ष जनशक्तिकारुपमा स्थापित गर्दा



उनीहरुलाई स्वदेश वा विदेशमा अवसरको खोजीमा सहयोग पुऱ्याउने बताए ।

पछिल्लो समयमा राजनीतिप्रति वितृष्णा बढिरहेको समयमा सरकारले बनाउने नीतिनियमले अवसर सिर्जना हुनसक्ने उनको भनाई छ । 'सरकार युवाका क्षेत्रमा के कस्ता योजना बनाउने भन्ने अलमलमा देखिन्थ्यो । युवा पनि सरकारलाई आफ्ना कुरा कसरी राख्ने भन्ने अलमलमै थिए । हामीले यी दुबै स्टेकहोल्डरलाई जोड्ने सेतुको काम गरेका हौं ' कार्यकारी उपाध्यक्ष चौलागाईले भने ।

युवा सम्मेलनले बागमती प्रदेश सरकारलाई युवा नीति र बजेटमै युवा सीपवर्ष घोषणा गराउने वातावरण सृजना गरेको उनको बुझाई छ । युवा सम्मेलनको तेस्रो श्रृंखलासम्म आइपुग्दा प्रदेश युवा सम्मेलनले बागमती प्रदेशका १० हजार भन्दा बढी युवालाई दक्ष जनशक्तिकारुपमा स्थापित गरेको कार्यकारी उपाध्यक्ष चौलागाईले दाबी गरे । 'विशेषगरी ग्रामीणक्षेत्रका युवाले पहिलोपटक सरकारी निकायसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने अवसर पाएका छन्, जसले उनीहरुमा सशक्तिकरणको अनुभूति गराएको छ' उनले भने ।

प्रदेश युवा सम्मेलन नीतिसंवाद प्लेटफर्मको रुपमा स्थापित भएको उनले बताए । यो सम्मेलनले युवा र सरकारबीचको दूरी घटाई एकअर्कालाई सामिप्यमा ल्याउने काम गरेको उनको बुझाई छ । सम्मेलनका प्रत्येक सत्रमा मुख्यमन्त्री, सामाजिक विकास मन्त्री, युवा तथा खेलकूद मन्त्री, स्थानीय सरकार प्रमुखहरु र अन्य उच्चपदस्थ व्यक्तिहरुको सहभागिता रहने कार्यकारी उपाध्यक्ष चौलागाईले जानकारी दिए । 'युवाले नीतिगत विषयमा सुझाव दिने अवसर पाएका छन् । प्रदेश र स्थानीय तहले बनाउने नीतिमा युवाको सुझावका आधारमा युवा परिषद्का सिफारिसमा जिल्ला युवानीति तथा कार्यक्रम परिमार्जन भएका छन्' उनले भने ।

बागमती प्रदेश सरकारले युवा सम्मेलनलाई वार्षिक नीति तथा कार्यक्रमभित्र समावेश गरेर, बजेट विनियोजन मार्फत यसको निरन्तरतामा प्राथमिकता दिएको कार्यकारी उपाध्यक्ष चौलागाईले बताए । प्रदेश सरकारले 'युवा सीपवर्ष २०८१' घोषण गरेर युवालाई सीप विकास कार्यक्रम संचालन गरिरहेको उनले बताए । सम्मेलनमा व्यावसायिक सीप, अनलाइन उद्यमशीलता, सहकारी व्यवस्थापन, कृषिउद्यम लगायत विषयमा प्रशिक्षण र कार्यशालासत्र राखिएको उनले जानकारी दिए ।

तेस्रो श्रृंखलामा मात्र ४०% सहभागीले कार्यक्रममा भाग लिएपछि उद्यम सुरु गर्ने प्रेरणा पाएको तथ्य परिषद्को मूल्यांकन रहेको उनको भनाई छ । 'युवालाई सरकारसँग जोड्ने, उनीहरुको आवाज नीतिनिर्माण तहमा पुऱ्याउने र अवसर सिर्जना गर्ने सन्दर्भमा प्रदेश युवा सम्मेलन अब बागमती प्रदेशकै दिगो युवा कार्यक्रम बन्न थालेको छ' उनले बताए । बागमती प्रदेश युवा परिषदले युवालाई पहिलोचरणमा आधारभूत तालिम प्रदान गर्ने, दोस्रो चरणमा बिशिष्टिकृत तालिम दिने, र सीप सिकेका युवाको सीपपरीक्षण गरी उनीहरुलाई सिटिइभिटीको प्रमाणपत्र प्रदान गरिएको छ ।

## यातायातको राजश्व ४५ करोड रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ यातायात व्यवस्था कार्यालय हेटौंडाले चालु आर्थिक २०८१/८२ को नौ महिनाका अवधिमा ४५ करोड ६६ लाख भन्दा बढी राजस्व संकलन गरेको छ । सवारीसाधन दर्ता, नवीकरण तथा सवारीचालक अनुमतिपत्र वितरण लगायतबाट चालु आव २०८१/८२ को साउनदेखि चैतसम्ममा कार्यालयले ४५ करोड ६६ लाख ८५ हजार पाँच सय ९० रुपैयाँ राजस्व संकलन गरेको कार्यालय प्रमुख प्रवीण श्रेष्ठले जानकारी दिए ।

कार्यालयप्रमुख श्रेष्ठका अनुसार चालु आवको नौ महिनामा सवारी चालक अनुमतिपत्र वितरणबाट ७ करोड ८ लाख ७१ हजार तीन सय १४, सवारी करबाट २८ करोड २७ लाख ३७ हजार दुई सय ९९, यातायात क्षेत्रको आम्दानीबाट ७ करोड १५ लाख ७६ हजार नौ सय ९२, संघीयतातर्फ ३ करोड १४ लाख ९१ हजार ९ सय ५३ तथा बेरुजुबाट ८ हजार दुई सय ५० रुपैयाँ राजस्व संकलन भएको छ । चालु आवको यो अवधिमा मोटर साइकल दुई हजार दुई सय ३४ वटा, साना सवारी आठ सय ४७ वटा, टेम्पो/ई-रिक्सा छ सय २६, ठूला तथा मझौला सवारी छ सय २४ वटा र ट्याक्टर ११ गरी चार हजार तीन सय ५१ नयाँ सवारी दर्ता भएको कार्यालय प्रमुख श्रेष्ठले जानकारी दिए ।

यस अवधिमा नयाँ चार हजार सात सय ८१ र वर्ग थप दुई हजार एक सय ६१ गरी पाँच हजार तीन सय ५९ जनालाई सवारी चालक अनुमतिपत्र (लाईसेन्स) वितरण गरिएको प्रमुख श्रेष्ठले जानकारी दिए ।

# अन्तर्राष्ट्रिय श्रमिक दिवसको हेटौंडामा प्रभातफेरी



साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/१ सय ३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको हेटौंडामा प्रभातफेरी निकालिएको छ । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) को आयोजनामा हेटौंडामा प्रभातफेरी निकालेको हो ।

हेटौंडाको फरेष्ट्री गेटबाट निकालिएको प्रभातफेरीले हेटौंडा बजार परिक्रमा गरेको थियो । प्रभातफेरीमा नेकपा एमालेका नेता, नेकपा एमाले सम्वद्ध विभिन्न घटक तथा जनसंगठनका नेता, पदाधिकारी तथा कार्यकर्ताको सहभागिता रहेको थियो । प्रभातफेरीले नगरपरिक्रमा गरेपछि हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेस पुगेर सभामा परिणत भएको थियो । जिफन्ट मकवानपुर जिल्ला समन्वय कमिटीका अध्यक्ष शम्भु लामाको अध्यक्षता तथा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

श्रमिकहरुको पेसागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन तथा अधिकार स्थापित भएको दिनका रुपमा हरेक वर्ष मे १ तारिखका दिन यो दिवस मनाउने गरिन्छ । विश्वभरका मजदुरले यो दिवसलाई पर्वका रुपमा लिँदै आफ्ना हक अधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दवाब दिने उद्देश्यले मनाउँदै आएका छन् । सन् १८८६ मा अमेरिकाको सिकागोमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' नारासहित सुरु भएको मजदुर आन्दोलनको सम्झनामा विश्वभर श्रमिक दिवस मनाउने गरिन्छ ।

नेपालको विराटनरगमा २००७ सालमा मजदुर आन्दोलनसँगै यो दिवस मनाउन थालिएको थियो । २०४६ सालको राजनीतिक परिवर्तनसँगै नेपालमा यो दिवसका दिन सार्वजनिक बिदा दिन थालिएको हो । दिवसको अवसरमा सरकारले सार्वजनिक बिदा समेत दिएको थियो ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३




साझाकुरा

## हाम्रो कुरा

# आयोजना बैंक र टुक्रे योजना

वडातहबाट गरिने टुक्रे योजनामा प्रदेश सरकार रुमल्लिएको चौतर्फी आलोचनापछि प्रदेश सरकारले टुक्रे योजनाबाट पछि हटेको छ । आगामी आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेश सरकारले साना र टुक्रे आयोजनालाई नियन्त्रण गर्ने रणनीति लिएको छ । आयोजना बैंक प्रणालीलाई प्रभावकारी बनाउँदै योजना छनोट र बजेट विनियोजनमा सुधार ल्याउने लक्ष्यसहित प्रदेश नीति तथा योजना आयोगले स्पष्ट मापदण्ड तयार पारेको छ । अब कार्यक्रमहरु पहुँच वा प्रभावका आधारमा नभई आवश्यकता र प्रभावकारिताका आधारमा छनोट गरिने प्रदेश योजना आयोगले जनाएको छ । आयोगका अनुसार २५ लाखदेखि ५० लाख रुपैयाँभन्दा माथिका आयोजना मात्रै आयोजना बैंकमा प्रविष्ट हुनेछ । प्रत्यक्ष निर्वाचित सांसदले एक करोड रुपैयाँसम्मको क्षेत्रीय गौरवको आयोजना प्रस्ताव गर्न पाउने छन् । आयोजना बैंकमा प्रविष्टि हुनासाथ सबै योजना कार्यान्वयन हुन्छ भन्ने हुँदैन । प्राथमिकताको आधारमा योजनालाई अगाडि बढाइने र यो वर्ष नपरेको योजना अर्को वर्ष पर्न सक्ने गरी काम गर्ने तयारी गरिरहेको छ ।

साना आयोजना भने स्थानीय तहमार्फत कार्यान्वयन गरिने छ । आयोजना बैंकमार्फत् योजना प्रविष्ट गर्ने कार्यका लागि १४ मन्त्रालय र यस मातहतका कार्यालयलाई आयोगले लगइन आइडी र पासवर्ड उपलब्ध गराएको छ । मन्त्रालयले प्रविष्ट गरेका योजनालाई मापदण्डका आधारमा मूल्यांकन गरिने छ । प्रदेश सरकारले आगामी वर्ष ६० प्रतिशत योजना आयोजना बैंकमार्फत् सञ्चालन गर्ने लक्ष्य राखेको छ । सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारका निकायबाट गरिने प्रारम्भिक प्राथमिकीकरणका आधारमा १०, प्रारम्भिक मूल्यांकनका लागि ३०, नीतिगत सामञ्जस्यताका लागि २१, मानव विकासको अवस्थाका लागि ६, संवैधानिक प्राथमिकताका लागि ८ अंक निर्धारण गरिएको छ । नेपालकाअनुसार यही मापदण्डको आधारमा ५६ अंक वा सोभन्दा बढी भएका योजनालाई पहिलो र ५६ भन्दा कम अंक भएकालाई दोस्रोमा प्राथमिकीकरण गरिनेछ । प्राप्तांकका आधारमा क्रम निर्धारण गरी आयोजना बैंकमा समावेश गरिने छ । समावेश आयोजनाको सूचीलाई मन्त्रालय र निकायमा वैशाख मसान्तभित्र पठाइने छ । मन्त्रालयले प्रस्ताव गरेका आयोजना जेठ २० गतेभित्र आवश्यक छलफल र सुझावका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको संयुक्त बैठकमा प्रस्तुत र छलफलबाट प्राप्त सुझावसमेतलाई समेटेर मन्त्रालयले आयोजना छनोट गरी जेठ २४ गतेभित्र बजेट विनियोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ । तर, प्रदेश सरकारका मन्त्रीहरु नै आयोजना बैंक पूर्णरुपमा कार्यान्वयनमा आउन नसक्ने बताइरहेका छन् । बजेटमा टुक्रे योजनालाई पूर्णरुपमा निरुत्साहित गर्न नसकिने मन्त्रीहरुले बताएका छन् । विगतमा जस्तो आगामी बजेटमा टुक्रे योजनाहरु धेरै नहुने अनुमान गरिएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्षको लागि राजस्व संकलन र बजेट खर्च तथा योजना कार्यान्वयनको मूल्यांकनसहित ५५ अर्ब रुपैयाँको सिलिङ पठाएको छ । आर्थिक मामिला मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई १४ अर्ब रुपैयाँको सिलिङ दिएको छ । यस्तै, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई पाँच अर्ब, युवा तथा खेलुकद मन्त्रालयलाई ६१ करोड रुपैयाँको सिलिङ तोकेर पठाएको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई दुई अर्ब ५१ करोड, स्वास्थ्य मन्त्रालयलाई तीन अर्ब, सामाजिक विकास मन्त्रालयलाई एक अर्ब ८५ करोड, वन मन्त्रालयलाई दुई अर्ब २५ करोड रुपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ४४ करोड रुपैयाँ सिलिङ तोकिएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयलाई ३७ करोड रुपैयाँको सिलिङ तोकिएको छ । उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका लागि ६१ करोड रुपैयाँ, संस्कृति पर्यटन मन्त्रालयका लागि एक अर्ब ४८ करोड रुपैयाँ, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा २१ करोड रुपैयाँ, श्रम रोजगार तथा यातायात मन्त्रालयमा ७१ करोड र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ३५ करोड रुपैयाँको सिलिङ निर्धारण गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख २० गते शनिबार ३ मे २०२५ । षष्ठी, बैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:३८ । अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाँ योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# मजदुर आन्दोलनको कार्यभार



✍ निर्मल आचार्य

मजदुर भन्नाले त्यस्ता व्यक्ति वा श्रमिकलाई जनाउँछ, जसले शारीरिक वा मानसिक श्रम गरेर रोजगारी प्राप्त गर्छ र मिहिनेतको ज्याला पाउँछ । छोटकरीमा भन्ने हो भने, मजदुर भनेको श्रम गरेर जीविका चलाउने व्यक्ति हो । खासमा मजदुरको परिभाषा निकै फराकिलो छ । तर धेरैको बुझाइमा कारखाना वा अन्य ठाउँमा निम्न स्तरको काम गर्ने गरिब मानिस नै मजदुर हो भन्ने बुझाइ छ । यो बुझाइ धेरै साँघुरो छ । यसले ठूलो विभाजन निम्त्याएको छ ।

एउटा डाक्टरले पनि मानसिक र शारीरिक श्रम गरेको हुन्छ र एउटा कुचिकारले पनि । हामीकहाँ मजदुरले मजदुरलाई हेप्ने चलन छ । यो सोचाइ र प्रथालाई हटाएर सबै प्रकारका श्रम र श्रमिकको सम्मान आवश्यक छ । एउटा इञ्जिनियरको घरको नाली बन्द भयो भने त्यो खोल्न अरूलाई बोलाउनुपर्छ । अनि, नाली खोल्ने श्रमिक सानो र त्यो इञ्जिनियर, जो स्वयं श्रमिक हो, ठूलो हुन्छ र ?

त्यस्तै, डाक्टरको घरबाट निस्कने कुहिने र नकुहिने फोहोर उठाउने पनि श्रमिक नै हो । डाक्टर पनि श्रमिक नै । यो चेतना आउन हामीकहाँ अलि समय लाग्ला । फेरि पनि, यो वर्षको अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सबै श्रमिकले अर्को श्रमिकलाई सम्मान गर्ने प्रेरणा मिलोस् भन्ने शुभकामना दिन चाहन्छु ।

यसै प्रसंगमा, सबैले बुझ्नेगरी आफ्ना मागसहित अहिले राजधानी काठमाडौंमा शिक्षक, डाक्टर, कर्मचारी र कवाडी सामान जम्मा गर्नेहरू एकैपटक आन्दोलनमा छन् । यसबाट मजदुरको परिभाषा प्रष्टै बुझ्न सकिन्छ ।

मे १ हामी सबै श्रमिकहरूको लागि ऐतिहासिक दिन हो । सन् १८८६ मा अमेरिकाको सिकागो शहरमा 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' भन्ने मागसहित सुरु भएको आन्दोलनको सम्झनामा यो दिवस मनाइन्छ । त्यसैले यस दिवसलाई अन्तर्राष्ट्रिय मजदुर दिवस भनिएको हो ।

सो आन्दोलनको क्रममा सिकागो शहरको हेय मार्केट भन्ने ठाउँमा ठूलो बम विस्फोट भयो । कसैले जिम्मा लिएन । सोही बहानामा मजदुरहरूमाथि व्यापक दमन भयो । ७ जना निहत्था मजदुर मारिए । आन्दोलनले झन् उग्र रूप लियो । अन्ततः आन्दोलन सफल भयो ।

सन् १८८९ मा फ्रान्सको पेरिसमा विश्वभरका श्रम संगठन र श्रमिक नेतृत्वको बैठक बस्यो । त्यसयता सन् १८९० देखि प्रत्येक वर्ष अंग्रेजी महिना मे १ तारिखमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने गरिन्छ ।

नेपालमा २००७ सालमा विराटनगरको ऐतिहासिक मजदुर आन्दोलनसँगै यो दिवस मनाउन थालियो । २०४६ सालको राजनीतिक परिवर्तनसँगै नेपालमा यो दिवसमा सार्वजनिक बिदा दिन थालियो । अहिले मजदुर आन्दोलनमा मुख्यतः तीनवटा समस्या छन् ।

पहिलो, सबै श्रमिकले आफूलाई श्रमिकको रूपमा स्वीकार गर्न नसक्नु र उस्तै श्रमिकलाई हेय दृष्टिले हेर्नु ।

दोस्रो, विश्वभरका राज्यहरू फासिवादको बाटोमा अग्रसर हुनु ।

तेस्रो, कृत्रिम बौद्धिकताको आविष्कार ।

पहिलो समस्याको बारेमा माथि थोरै चर्चा गरियो । यो अलिकति भावनात्मक र मानवीय विषय हो, मानव संस्कारसँग सम्बन्धित छ । विस्तारै सुधार गर्दै जानुपर्छ । सचेत पहलकदमीका लागि जनचेतना बढाउँदै लैजानुपर्छ ।

दोस्रो समस्या राज्यहरूको बदलिँदो स्वरूप हो । विगतमा लोककल्याणकारी राज्यको चर्चा हुन्थ्यो । लोककल्याणकारी राज्य भन्नाले जनता र समाजको हितका लागि सक्रिय रूपमा काम गर्ने राज्यलाई बुझिन्छ ।

अहिले विश्वभरका शासकहरूले लोककल्याणकारी मान्यता छाड्दै गएका छन् । राज्यहरू समग्र जनताको नभई, निश्चित जात, समुदाय वा धर्मको मात्रै बनेका छन् । म, मेरो र मेरोलागि भन्ने विचार हावी हुँदैछ । राज्यहरू फासिवादी बाटोमा अघि बढ्दै छन् । यो मजदुर आन्दोलनका लागि थप चुनौती हो । 'संसारका मजदुर एक हौं' भन्ने नारा बोकेको आन्दोलनलाई यस्तो फासिवादी दिशाबाट कसरी जोगाउने भन्ने सोच्नुपर्ने भएको छ ।

तेस्रो समस्या कृत्रिम बौद्धिकताको आविष्कार र त्यसको बढ्दो प्रभाव हो । हेर्दाहेर्दै यो विषय दशकभरिमै सबैभन्दा चर्चित बन्यो । यति छोटो समयमा यति ठूलो प्रभाव पारेको विषयबाट मजदुर आन्दोलन अछुतो रहन सक्दैन । केही समाचारहरूमार्फत यो कुरा प्रष्ट हुन्छः

क. अभिनेता अनिल कपुरले आफ्नो स्वर, छवि, र संवाद 'झकास' लाई एआईद्वारा अनधिकृत रूपमा गरिएको प्रयोगविरुद्ध कानुनी कारबाही गरे ।

ख. बलिउडका लेखक संघ एसडब्लूएले एआईको प्रभावबारे बैठक आयोजना गर्दैछ ।

ग. टी-सिरिज, सारेगामा, सोनी जस्ता कम्पनीहरूले एआई कम्पनीहरूमाथि मुद्दा हाले ।

घ. राइटर्स गिल्ड अफ अमेरिका (डब्लुजीए) ले एआईको विरोधमा ठूलो हड्ताल गर्‍यो ।

ङ. एक्टर्स युनियनले 'डिजिटल क्लोन' विरुद्ध कानुनी सुरक्षा माग गर्‍यो ।

च. अमेरिकाका सयौं नर्सहरूले 'ट्रस्ट नर्स, नट एआई' भन्ने नारासहित प्रदर्शन गरे ।

छ. नेसनल एजुकेसन एसोसिएसन (एनईए) र एजुकेसन इन्टरनेसनलले पनि एआई प्रयोगमा शिक्षकको भूमिकालाई संरक्षण गर्न नीति प्रस्ताव गरे ।

मानव इतिहासमा आगोको आविष्कारले ठूलो परिवर्तन ल्यायो । त्यसकै आधारमा मेसिन र उद्योग बने, जसबाट मजदुर वर्गको जन्म भयो । आज फेरि यस्तै आक्रमक प्रविधिको उदय भएको छ, एआई । जसले फेरि नयाँ किसिमको बेरोजगारी ल्याउनेछ ।

अब डाक्टर, शिक्षक, नर्स, पाइलट, लेखक, कलाकार, पत्रकार जस्ता पेसामा लागेकाहरू प्रभावित हुनेछन् । त्यसैले अबको मजदुर आन्दोलन परम्परागत ढंगले चलाएर हुँदैन । बदलिँदो यथार्थअनुसार परिमार्जन गर्नुपर्छ ।

एउटा मजदरले अर्को मजदुरलाई सम्मान गर्दै, फासिवादी राज्य व्यवस्थाको विरोधमा एकजुट भई, बदलिँदो सूचना प्रविधि विशेषतः एआईलाई सही ढंगले सामना गर्नसक्ने आन्दोलन उठाउनु नै आजको मुख्य कार्यभार हो ।

*(साभार: अनलाइनखबर)*

# सेवा प्रवाहमा सेटिङ र घुसले पारेको गम्भीर असर



✍ सागर पण्डित

मुलुकमा दशकौं लामो संघर्षपछि लोकतन्त्रको स्थापना हुन सकेको थियो । लोकतन्त्र हुँदै अहिलेसम्म आइपुग्दा हामीले विश्वमै उन्नत मानिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न सफल भएका थियौं ।

यसका लागि कैयौं नेपाली नागरिकले बलिदानसमेत गर्नुपर्‍यो । जनताले चाहेको शासन व्यवस्था स्थापना भएपछि आम जनतामा शुखीको सीमा थिएन । आम नागरिकले आशा गरेका थिए- अब राज्यको सेवा दिने संयन्त्र जनमुखी, जवाफदेही र पारदर्शी बन्छ । देशमा सुशासन कायम हुन्छ ।

विकास र समृद्धि छाउँछ । स्वास्थ्य, शिक्षा र रोजगारीको उचित व्यवस्था हुनेछ । तर दुर्भाग्य, जनताको यो आशामा तुषारापात भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई सञ्चालन गर्ने शासक नेताहरु जनताको आशालाई व्यावहारिक रुप दिन लामो समयदेखि असफल हुँदै आएका छन् । त्यसैले जनतामा चरम आक्रोश र निराशा फैलिरहेको छ । अहिले पनि जनताले सहज सेवा पाउन सकेका छैनन् ।

सेवा प्रवाहको स्थितिमा न्यूनतम सुधार पनि देखिएको छैन । नागरिक अझै पनि सास्ती खेप्न बाध्य छन् । बिचौलिया, दलालहरुको सहारा नलिई नापी, मालपोत, यातायात, सिंचाइ, खानेपानीदेखि स्थानीय तहसम्म सामान्य सेवा लिन पनि नसकिने अवस्थाले हाम्रो शासन व्यवस्था कति विफल छ भन्ने कटु यथार्थ उजागर गर्छ ।

**बिचौलिया-कर्मचारी मिलेमतोः नागरिक शोषणको चरम रूपः**

आज पनि एउटा साधारण नागरिकले आफ्नो कित्ता नम्बर थाहा पाउन वा आफ्नो जग्गाको लालपुर्जा बनाउन मालपोत कार्यालय धाउँदा, सीधा सेवा-सम्पर्कमा पुग्न सक्दैन । उसलाई पहिले 'दाइ' वा 'ब्रोकर'सँग कुरा गर्न सल्लाह दिइन्छ । किनभने त्यहाँ सीधा सेवा पाइँदैन । कर्मचारी र बिचौलियाबीच खुलेयाम सेटिङ हुन्छ- सेवा दिनुअघि 'कति आउँछ भन्ने सर्त पूरा गर्नै पर्छ । नत्र, फाइल 'हराइदिन्छ', 'हेर्ने मान्छे छुट्टीमा गएको छ' भन्ने बहानाले महिनौं घुमाइन्छ ।

पैसा नखुवाई कामै हुँदैन । सर्वसाधारण जनता कामै नहुँदा वाक्कदिक्क भएर घुस खुवाउन बाध्य भइरहेका छन् । ठ्याक्कै यही प्रवृत्ति यातायात कार्यालयमा पनि देखिन्छ, जहाँ सवारी लाइसेन्स, गाडीको ब्लुबुक नवीकरणजस्ता काममा पनि बिचौलियाको चलखेल रहन्छ ।

नापी कार्यालयमा कित्ता मिलान वा सर्भे गर्न दलाललाई पर्खेर बस्नुपर्ने अवस्था नागरिकले झेल्नुपरेको छ । सिंचाइ तथा खानेपानीका परियोजनामा पनि भ्रष्टाचार भयावह छ । साना अनुदानका कामदेखि ठूलठूला आयोजना निर्माणसम्म बजेटको ठूलै भाग कर्मचारी, नेताको मिलेमतोमा 'कमिसन'को घेरोमा हराउँछ । परियोजना सम्पन्न नहुँदै कागजमा मात्र पूरा भएको भनी तलबभत्ता र भुक्तानी उठाउने प्रवृत्ति मौलाएको छ ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि र कर्मचारी मिलेर विकास आयोजनाका नाममा 'आफ्ना मान्छे'लाई ठेक्का दिने, काम नगरे पनि भुक्तानी दिने, बिल बनाउनै नपरी रकम लिनेजस्ता अनगिन्ती उदाहरण छन् । यसरी राज्य संयन्त्र आफैं भ्रष्टाचारमा लिप्त भएपछि, सामान्य नागरिक कहाँ गुनासो गर्न जाने ? जसका कारण जनताको मनमा सरकारप्रति वितृष्णा, अविश्वास र निराशा बढ्न पुग्छ । अहिले यही भएको छ ।

**सरकार आफैं उडाउछ "राइट म्यान इन् राइट प्लेस"को धज्जीः**

अर्को गम्भीर समस्या भनेको सरकारी निकायमा कार्यालय प्रमुख तथा विभिन्न महत्वपूर्ण निकायमा कर्मचारी सरुवा गर्दा 'राइट म्यान इन् राइट प्लेस' (योग्य व्यक्तिलाई उपयुक्त ठाउँमा राख्ने) सिद्धान्तको धज्जी उडाउने गरिएको छ । मन्त्रालय, विभाग र कार्यालयमा कसलाई प्रमुख बनाउने भन्ने मापदण्ड, क्षमता, अनुभव र कार्यसम्पादनभन्दा पनि राजनीतिक आस्था र व्यक्तिगत साइनो बनेको छ । योग्यता, दक्षता र इमानदारितालाई त वास्ता नै गरिँदैन । उल्टो इमानदार र कार्यसम्पादन राम्रो हुनेलाई मानसिकरुपमा प्रताडित गराइन्छ ।

उदाहरणका लागि, मालपोत कार्यालयको नेतृत्व त्यस्तो व्यक्तिलाई दिइन्छ, जो पहिलेदेखि नै बदनाम छ । सेटिङ मिलाउन माहिर छ र माथिकालाई पैसाको जोहो सजिलै गरिदिन सक्छ । यातायात कार्यालयमा त्यही कर्मचारी पठाइन्छ, जसले अघिल्लो कार्यकालमा व्यापक घुस लिएको थियो ।

ऊ जहाँ गए पनि घुमिफिरी त्यहीं आउने गरेको छ । पछिल्लो उदाहरण, मधेस प्रदेशको सामाजिक विकास मन्त्रालयमा रहेका उपसचिव श्रवणकुमार मिश्र देखिएका छन् । मिश्र सो मन्त्रालयमा रहँदा ५२ करोड भ्रष्टाचार प्रकरणमा परेका छन् । उनी बढुवा भएर सहसचिव भएपछि पनि फेरि त्यही ठाउँमा आउने गरी सरुवा मिलाइसकेको अवस्थामा मिश्रमाथि भ्रष्टाचार मुद्दा दायर भएको थियो । मिश्र सेटिङ मिलाएर पुरानै ठाउँमा जान सफल भएका थिए ।

**सुशासन भाषणमा मात्र, व्यवहारमा शून्यः**

सरकारका प्रधानमन्त्री, मन्त्री, सचिव र उच्च पदाधिकारीहरू जब सार्वजनिक कार्यक्रम तथा मिडियामा बोल्छन्, आदर्श र सुशासनका भारी भाषण गर्छन्, 'भ्रष्टाचार अन्त्य गर्छौं', 'जनताको सेवा पहिलो प्राथमिकता हो', 'नतिजामूलक काम गर्छौं' भनेर थोरै पनि शंकोच नगरी बडो आवेगपूर्ण भाषण ठोक्छन् । तर उनीहरूको व्यवहार ठीक उल्टो छ । उनीहरुले व्यवहारमा सुशासन कायम गरेको देखिँदैन । अधिकांशको व्यवहार हेर्दा कुशासनमा नै डुबेको देखिन्छ ।

**उच्चस्तरीय शासकीय सुधार आयोगले ठोस काम गर्ला ?**

सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय शासकीय सुधार आयोग गठन गरेको जनाएको छ । तर सो आयोगले काम भने थाल्न सकेको छैन । उच्चस्तरीय शासकीय सुधार आयोगको अवधारणापत्रमा विश्वपरिवेशमा समय-समयमा देखा परेका विभिन्न राजनीतिक तथा आर्थिक उतारचढाव, समस्या, चुनौती तथा अवसरहरूसँगै शासकीय अभ्यासमा पनि पुनरवलोकन भइरहेको स्मरण गर्दै सन् २००८ मा अमेरिकाले सामना गर्नुपरेको वित्तीय संकटका सम्बन्धमा फाइनान्सियल क्राइसिस इन्कायरी कमिसनले गरेको अध्ययन प्रतिवेदनमा यस्तो समस्या आउनुको एउटा प्रमुख कारक तत्वका रुपमा वित्तीय क्षेत्रलाई नियमन गर्ने संघीय सरकारको असफलतालाई औंल्याएको सन्दर्भलाई उल्लेख गर्दै उदार अर्थतन्त्रको सिद्धान्तलाई सतर्कतापूर्वक अभ्यास गर्नुपर्ने बहसका बारेमा समेत उल्लेख गरिएको छ । नेपालमा पनि उदार अर्थतन्त्रको सिद्धान्तलाई सतर्कतापूर्वक अभ्यास नगरिँदा मुलुकले विभिन्न संकटहरु व्यहोर्नुपरेकाले आयोगले त्यस्ता संकट हुन नदिन आवश्यक उपायको खोजी गर्ने बताइएको छ ।

तीन तहको सरकारबीच काममा दोहोरोपना नहुने गरी सहकार्य र समन्वयलाई सुदृढीकरण गर्ने, प्रशासनिक संरचनाहरूलाई चुस्त र छरितो तुल्याउने, जनशक्तिको सन्तुलित व्यवस्थापन गर्ने तथा सार्वजनिक स्रोत-साधनको मितव्ययी र अत्युत्तम परिचालन गरी जनताको विकास र समृद्धिका आकांक्षालाई यथाशीघ्र परिपूर्ति गर्नुपर्ने खाँचो रहेको अवस्थामा सो आयोगले यसको समाधानसमेत खोज्ने अवधारणापत्रमा उल्लेख छ । आयोगले तीनवटै तहका सरकारको सञ्चालनलाई चुस्त र छरितो बनाउँदै समग्र शासकीय पक्षमा सुधार गर्नसमेत आवश्यक पहलकदमी लिने बताइएको छ । आम नागरिकको आँखामा सार्वजनिक संस्थाहरूको क्षमता र विश्वसनीयता स्थापित भई सार्वजनिक सेवा प्रवाह, सुशासन, आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणका क्षेत्रमा प्रभावकारी योगदान पुर्‍याउनसमेत आयोगले आवश्यक काम गर्ने जनाइएको छ । यद्यपि आयोगले काम गरेर परिणाम ननिकाल्दासम्म र कार्यान्वयन नहुँदासम्म विश्वास गरिहाल्न सक्ने अवस्था छैन । शासकीय सुधारको विषय ज्यादै व्यापक रहेको र यसको कार्यक्षेत्र कार्यपालिका अर्थात् सरकारको क्षेत्राधिकारभन्दा बाहिर पनि हुने हुँदा यसको नाम र काम कस्तो हुन्छ, हेर्न बाँकी नै छ ।

शासकीय सुधार समग्र शासकीय संयन्त्र र प्रबन्धमा प्रभावकारिता ल्याउने प्रक्रिया हो । यसअनुसार व्यवस्थापिकामा प्रभावकारिता ल्याउने, कार्यपालिकामा सुधार गर्ने, न्यायपालिकामा सुधार गर्ने, राज्यका स्वतन्त्र संस्थाहरुमा प्रभावकारिता ल्याउने, विकेन्द्रीत शासन व्यवस्थालाई सुदृढ बनाउने, शासनमा नागरिक सहभागिता अभिवृद्धि गर्नेजस्ता विषयमा निरन्तर र व्यापक दृष्टिकोणसहितको सुधार गर्न जोड दिनुपर्ने देखिन्छ । आयोगले शासकीय सुधारका उपायहरु खोज्दा व्यवस्थापिकामा प्रभावकारिता, निर्वाचन प्रणालीमा सुधार, संसदीय अभ्यासमा सुधार, राजनीतिक दलको व्यवस्थापनमा सुधार गर्ने किसिमले सुधारका उपायहरु खोज्नुपर्छ । यसै गरी नीति व्यवस्थापनमा सुधार, सार्वजनिक प्रशासनमा सुधार, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, निजामती सेवामा निरन्तर सुधार, सार्वजनिक वित्त व्यवस्थापनमा सुधार, प्रविधिमा आधारित शासन व्यवस्थाको अवलम्बन, भ्रष्टाचार नियन्त्रणजस्ता विषयलाई समेत आयोगले गम्भीरतापूर्वक लिएर आवश्यक परिणाम निकाल्न सक्नुपर्छ ।

**भ्रष्टाचारः अर्थतन्त्र र विकासमा तगारोः**

यो भ्रष्टाचार र सेवा प्रवाहको अव्यवस्थाले नेपालको समग्र विकासमा गम्भीर बाधा पुर्‍याइरहेको छ । त्यसैले शासकीय सुधार मात्रै भनेर कराइरहने तर भ्रष्टाचार न्यूनीकरणमा प्रभावकारी उपाय अपनाउन नसक्ने हो भने त्यस्ता शासकीय सुधारका हावादारी गफको काम छैन र विश्व बैंक, अन्तर्राष्ट्रिय पारदर्शिता संस्थाजस्ता निकायहरूले नेपाललाई उच्च जोखिमयुक्त भ्रष्ट देशको सूचीमा राख्दै आएका छन् । २०२४ को 'ट्रान्सपेरेन्सी इन्टरनेसनल'को रिपोर्टअनुसार नेपाल भ्रष्टाचार धारणा सूचकांकमा १८० देशमध्ये १०७ औं स्थानमा पुगेको छ ।

त्यस्तै, विदेशी लगानीकर्ताहरू नेपालमा व्यवसाय विस्तार गर्न हिच्किचाइरहेका छन् । किनभने उनीहरूले पनि अनुभव गरेका छन् कि यहाँ एउटा सानो प्रक्रिया पार गर्न पनि 'मासिक सेटिङ' चाहिन्छ ।

आन्तरिक विकास पनि यस्तै दलाली-भ्रष्टाचारले ग्रस्त भएपछि, देशको आर्थिक वृद्धि, रोजगारी सृजना, पूर्वाधार निर्माणजस्ता प्राथमिक क्षेत्र नराम्ररी प्रभावित बनेका छन् । नागरिकको जीवनस्तर उकास्ने काम सरकारको प्राथमिकतामा छैन भन्ने कुरा सरकारको व्यवहारले पुष्टि हुँदै गएको छ ।

**समाधान के हो ?**

यथास्थितिमा अलमलिइरहँदा मुलुकको भविष्य अझै अँध्यारो हुन्छ । त्यसैले अब ढिलो नगरी निम्न उपाय अवलम्बन गर्न जरुरी छ ।

१. राइट म्यान इन् राइट प्लेस सिद्धान्त कडाइका साथ लागू गरिनुपर्छ । राजनीतिक भागवण्डा अन्त्य गरी योग्यता र इमानदारीलाई मापदण्ड बनाइनुपर्छ ।

२. बिचौलिया निर्मूल अभियान देशव्यापीरुपमा चलाइनुपर्छ । सेवाग्राहीलाई सीधा सेवा दिने प्रभावकारी प्रणाली विकास गरिनुपर्छ ।

३. सम्पत्ति विवरण अद्यावधिक नगर्ने कर्मचारी र मन्त्रीलाई निलम्बन र कारबाही गरिनुपर्छ । प्रधानमन्त्री र मन्त्रीहरुले तत्काल सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ ।

४. प्रविधिमार्फत अनलाइन सेवा प्रवाह अनिवार्य गरिनुपर्छ, जसले गर्दा प्रत्यक्ष घुस लिने र दलाली गर्ने मौका नै नमिलोस् ।

५. सचेत नागरिक दबाब बढाउनुपर्छ । मिडिया, नागरिक समाज र सचेत समुदायले गरिरहेको अनुगमन अझ सशक्त हुनुपर्छ ।

नेपालमा सेवा प्रवाह कमजोर हुनु, बिचौलिया र कर्मचारीको मिलेमतोमा नागरिक शोषण हुनु, सरकार आफैं अपारदर्शी र गैर जिम्मेवार हुनु केवल सामान्य समस्या होइन, यो राष्ट्रिय संकट हो । अब पनि चेत नफिर्ने हो भने मुलुकमा दिगो विकास, समृद्धि र सुशासनको सपना साकार पार्न असम्भव हुनेछ । अतः सरकार र सबै सरोकारवाला वर्गले यथास्थितिविरुद्ध कडाइका साथ कदम चाल्नै पर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# हतियार प्रदर्शन मोह :
# नेतालाई उन्मुक्ति, सर्वसाधारणलाई जेल



काठमाडौं/एक महिलाले पेस्तोल पड्काउँदै नाचेको भिडिओ बुधबार सामाजिक सञ्जालमा भाइरल भयो । १२ सेकेन्डको उक्त भिडिओमा तीन महिला र तीन पुरुष घरको आँगनमा नाचेको देखिन्छ ।

भिडिओमा एक महिलाले आकाशतर्फ ताक्दै एक राउन्ड 'हवाई फायर' गरेजस्तो देखिन्छ । पेस्तोलबाट धुवाँसमेत आउँछ । त्यसपछि उक्त पेस्तोल महिलाले युवकलाई दिन्छिन् ।

पेस्ताल पड्काउँदै नाचेको भिडिओ भाइरल भएपछि प्रहरीले अनुसन्धान अघि बढायो । अनुसन्धानका क्रममा पेस्तोल पड्काउँदै नाच्ने महिला जनता समाजवादी पार्टी (जसपा) नेपालकी केन्द्रीय नेता डा. बबी सिंह यादव रहेको खुल्यो ।

नेतृ यादव सप्तरीको बोदे बरसाइन नगरपालिका-५ की बासिन्दा भएको थाहा भएपछि विशेषगरी जिल्ला प्रहरी कार्यालय सप्तरीले घटनाबारे अनुसन्धान अघि बढायो । पेस्तोलबाट धुवाँसमेत आएको देखेपछि प्रहरीले गम्भीर रूपमा लिएको थियो ।

यता, प्रहरीले अनुसन्धान अघि बढाएपछि नेतृ यादवले सामाजिक सञ्जाल फेसबुकमा प्रष्टीकरण दिँदै लेखिन्, 'घटना भारत सीतामढीस्थित मामाको छोरीको बिहेको हो । पेस्तोल रेन्जर टोय नामको खेलौना हो ।'

तर, उनको यो प्रष्टीकरणले प्रहरी अनुसन्धान रोकिएन । सप्तरी प्रहरीका एसपी ढकेन्द्र खतिवडाले उनलाई कार्यालयमा बोलाउँदै अनुसन्धान अघि बढाए । अनुसन्धानको क्रममा नेतृ यादवले भनेजस्तो घटना भारतको नरहेको खुल्यो ।

घटना सर्लाहीको मलंगवा नगरपालिका-५ भाँड्चौरमा भएको जानकारी पाएपछि सर्लाही प्रहरीलाई घटनाबारे जानकारी गराएर सप्तरी प्रहरीले पेस्तोल नियन्त्रणमा लिएको छ ।

नेतृ यादवकै बयानका आधारमा मलंगवा नगरपालिका-२ अन्जनी कुमारको घर खानतलासी गर्दा पेस्तोल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी सरोज राईले संचारकर्मीलाई बताए ।

डीएसपी राईका अनुसार ११ वैशाखमा वसन्त कुमारकी छोरी कोमल सुप्रियाको हल्दी मेहन्दी कार्यक्रममा मलंगवा-५ स्थित घरमा नेतृ यादवले पेस्तोल पड्काएकी हुन् । उनको १२ वैशाखमा भारत सीतामढीका युवकसँग विवाह हुने तयारी थियो । सोही कार्यक्रममा यादवले पेस्तोल पड्काएको प्रहरीको भनाइ छ । बरामद पेस्तोल भने बारुद मात्रै पड्किने किसिमको रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । पेस्तोलको फेरेन्सिक परीक्षणका लागि प्रहरीकै केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाउन लागिएको उनले बताए । पेस्तोल पड्काउँदै नाच्ने नेतृ यादव जसपा राष्ट्रिय सभा सदस्य मृगेन्द्रसिंह यादवकी छोरी हुन् ।

बरामद पेस्तोल सक्कली होस् वा नक्कली, हतियार प्रदर्शनको मोह भने नेतृ यादवमा देखिएको प्रहरीको बुझाइ छ । यस्तो प्रदर्शनले समाज अशान्त बन्ने र आममानिसमा त्रास उत्पन्न हुने भन्दै सप्तरी प्रहरीले उनलाई सम्झाएको छ ।

विवाह समारोहमा बन्दुक पड्काएर उत्सव मनाउनुलाई प्रतिष्ठासँग जोडेर हेर्ने गरिएकाले यो घटना पनि त्यस्तै प्रकृतिको हुनसक्ने नेपाल प्रहरीका पूर्वआईजी सर्वेन्द्र खनालको बुझाइ छ । 'यदि हतियार लाइसेन्सवाला हो भने पनि सार्वजनिक रूपमा यसरी अनुमतिबिना पड्काउन मिल्दैन । बारुद मात्रै पड्किने नक्कली रहेछ भने पनि समाजलाई त्रसित बनाउन सक्छ,' खनाल भन्छन् ।

यादव सार्वजनिक रूपमा हतियार प्रदर्शन मोह देखाउने एक्ली नेता भने होइनन् । यसअघि जनमत पार्टीका नेताहरूले पनि हतियार प्रदर्शन गरेका थिए ।

जनमत पार्टीका केन्द्रीय उपाध्यक्ष अब्दुल खान र रौतहट जिल्ला इञ्चार्ज शेष जमसेदले ३ फागुनमा रौतहटको गौरमा हतियार प्रदर्शन गरेका थिए । उनीहरू गौर नगरपालिकाको सबगढास्थित जमसेदको घर पुगेका थिए । भेटका क्रममा उनीहरूले दुई जना व्यक्तिलाई बन्दुक भिर्न लगाएर आफूहरू सोफामा बसेका थिए ।

हतियार प्रदर्शनमा जनमत पार्टीका उपाध्यक्ष अब्दुल खान र रौतहट जिल्ला इञ्चार्ज शेष जमसेद ।

उनीहरूले दायाँ-बायाँ दुईजनालाई हतियार बोकाएर सँगै हिँडाएका थिए । जिल्ला इञ्चार्ज जमसेदले हतियार प्रदर्शनको फोटो/भिडिओ समेत सामाजिक सञ्जाल फेसबुकबाट सार्वजनिक गरेका थिए । यसमा उनीहरूको हतियारको रवाफ र मोह प्रष्टै देखिन्थ्यो ।

खुलेआम हतियार प्रदर्शन गरेको भिडिओ भाइरल बनेपछि कारबाहीमा पर्नसक्ने डरले जमसेदले हटाएका थिए । यो घटनामा प्रहरीले उनीहरूलाई कुनै कारबाही गरेन । सामान्य सोधपुछ गरेर छाड्यो । रौतहट प्रहरीका डीएसपी दीपकुमार रायले त्यतिबेला प्रदर्शन गरिएको हतियार लाइसेन्सप्राप्त रहेको भन्दै उनीहरूलाई सामान्य सोधपुछ गरेर छाडेका थिए ।

तर, लाइसेन्सप्राप्त हतियार नै भए पनि त्यसरी सार्वजनिक रूपमा प्रदर्शन गर्दै समाजलाई आतंकित पार्न पाइँदैन । यसो गरेमा कानुनी कारबाही हुनुका साथै हतियार जफत गर्दै लाइसेन्स समेत खारेज हुनसक्ने व्यवस्था छ । तर उनीहरूको हकमा यो कुनै कारबाही प्रक्रिया अघि बढाइएन ।

फागुन २०७८ मा जाजरकोटको कुशे गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेत हतियारसहित गाउँ डुलेका थिए । कुशे-६ घरंगामा बन्दुक बोकेका उनका सहयोगीको तस्वीर सार्वजनिक भएको थियो । सामाजिक सञ्जालमा सार्वजनिक भएको तस्वीरमा एक युवक बन्दुक बोकेर मोटरसाइक्ल चढेका थिए ।

उक्त बन्दुक ती व्यक्तिको नभएर बस्नेतको थियो । यो विषय उनले स्वीकार्दै बन्दुक बोक्ने व्यक्ति आफ्नो साथी भएको बताएका थिए । बन्दुक बोकेर मोटरसाइकलमा गाउँ डुलेको तस्वीर सार्वजनिक भएपछि प्रहरीले अनुन्धान अघि बढाएको थियो । तर लाइसेन्सवाला बन्दुक रहेको भन्दै कुनै कारबाही अघि बढाइएन ।

जाजरकोटको कुसे गाउँपालिका अध्यक्ष हरिचन्द्र बस्नेत सहयोगीको साथमा हतियार बोकेर गाउँ डुल्दै ।

नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल लाइसेन्स लिएर हतियार राख्नेमध्ये केहीमा भने रवाफ देखाउनु मात्रै कारण रहेको बताउँछन् । 'केहीले आवश्यक भएरै लाइसेन्स लिएर हतियार राखेको होला । तर केही यस्ता घटना छन्, समाजमा आफ्नो प्रतिष्ठा र रवाफ देखाउन लाइसेन्स लिएर हतियार राख्ने र दुरुपयोग हुने गरेको देखिन्छ,' मल्लले संचारकर्मीसँग भने ।

समाजका अगुवा तथा जनप्रतिनिधिले नै समाजलाई आतंकित पार्नेगरी बन्दुक प्रदर्शन गर्ने गरेको देखिन्छ । तर उनीहरू कोही पनि कारबाहीको दायरामा आएका छन् । जबकि, सर्वसाधारणलाई भने पेस्तोल स्वरूपको लाइटरदेखि तरबार-खुकुरी प्रदर्शन गर्दासमेत पक्राउ परेर मुद्दा चलाइएका उदाहरण छन् ।

पेस्तोल स्वरूपको लाइटर प्रदर्शन गर्दा पक्राउ गरेका तीनजनामध्ये दुईजना अहिले पनि कपिलवस्तु प्रहरीको हिरासतमै छन् । ७ वैशाखमा कपिलवस्तुको शुद्धोधन गाउँपालिका-६ महादेवा निवासी २१ वर्षीय रघुविन्द यादव टिकटक अकाउन्टबाट 'पेस्तोल' हतियार प्रदर्शन गरेको आरोपमा पक्राउ परेका थिए ।

अनुसन्धानका क्रममा उक्त वस्तु पेस्तोल नभई पेस्तोल स्वरूपको लाइटर रहेको खुलेको थियो । तर यति हुँदा पनि उनीविरुद्ध प्रहरीले मुद्दा चलायो । समाजमा शान्ति सुव्यवस्थामा खलल पुऱ्याएको भन्दै जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट म्याद लिएर अनुसन्धान अघि बढाइयो । अहिले भने उनी एक हजार धरौटीमा रिहा भइसकेका छन् ।

यो केसमा उक्त पेस्तोल स्वरूपको लाइटर ल्याएको, फोटो खिचेको र टिकटकमा सार्वजनिक गरेको भन्दै थप दुईजना पक्राउ परे । पक्राउ परेका शुद्धोधन गाउँपालिका-३ असैरनाका २१ वर्षीय दुर्गेश यादव र सोही गाउँपालिका-४ का २५ वर्षीय अनिलकुमार कहार अहिले पनि प्रहरी हिरासतमै छन् ।

११ वैशाखमा पक्राउ परेका उनीहरूविरुद्ध जिल्ला प्रशासन कार्यालयबाट ७ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ । पेस्तोल आकारको लाइटर भए पनि त्यसले समाजमा अशान्ति फैलाएको भन्दै अनुसन्धान भइरहेको कपिलवस्तुका एसपी निरन्जनदत्त भट्ट बताउँछन् ।

तर, उच्च पदस्थ व्यक्ति जोडिएका घटनामा खुल्लमखुला हतियार प्रदर्शन भए पनि प्रशासनबाट उनीहरूले उन्मुक्ति पाइरहेका छन् । यसअघि गत २३ माघमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले तरबारले केक काट्दै समाजमा अशान्ति फैलाएको आरोपमा ७ जनालाई पक्राउ गरेको थियो ।

खुकुरी, तरबार लगायतका घरेलु हतियारले केट काटेर सामाजिक सञ्जालमा भिडिओ पोस्ट गर्दै समाजमा आतंक सिर्जना गरेको आरोपमा उनीहरू पक्राउ गरेर अनुसन्धान अघि बढाइएको थियो । पछि सबैजना छुटेका थिए । तर अहिले तरबार र पेस्तोल आकारको लाइटर नभएर बन्दुक र बारुद पड्किने पेस्तोल प्रदर्शन गर्नेलाई समेत उन्मुक्ति दिइएको छ ।

पूर्वआईजीपी खनाल कानुनविपरीत हतियार प्रदर्शन गर्ने जो कोही भए पनि कानुनी दायरामा आउनुपर्ने बताउँछन् । 'लाइसेन्सवाला हतियार नै भए पनि सार्वजनिक रूपमा प्रदर्शन गर्न मिल्दैन । यसले समाजलाई आतंकित पार्छ । यस्ता गलत कार्यलाई रोक्न राज्यले एउटा सन्देश दिन जरुरी छ,' खनालले संचारकर्मीसँग भने ।

*(स्रोत: अनलाइनखबर)*

# प्रेस चौतारी मकवानपुरको वार्षिक कार्ययोजना सार्वजनिक



हेटौंडा, १८ बैशाख/ प्रेस चौतारी मकवानपुरले संगठनको केन्द्र तथा प्रदेश कमिटीमा मकवानपुरबाट प्रतिनिधित्व गर्ने चौतारीकर्मीलाई बधाई तथा वार्षिक कार्ययोजना सार्वजनिक गरेका छन् ।

बिहिवार नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर ईन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यतामा बधाई पत्र, शुभकामना साथै वार्षिक कार्ययोजना सार्वजनिक गरेका हुन् । प्रेस चौतारी मकवानपुरले संगठनको केन्द्रीय सदस्यमा सर्वसम्मत चयन भएका शिवकुमार रिजाल, पुष्पराज अधिकारी र आयोग सदस्य उज्वल अधिकारी र आरती ढकाललाई बधाई पत्रसहित सम्मान गरिएको थियो । प्रेस चौतारी बागमती प्रदेश कमिटिको महासचिवमा प्रकाश दाहाल, कोषाध्यक्षमा रामशरण दुलाल र सदस्य विवश अधिकारी, रुपक कालीराज, रविन ढुंगाना र सुनिता विष्टलाई बधाई पत्रसहित शुभकामना दिइएको थियो ।

सञ्चारिका समूह बागमती प्रदेशमा सर्वसम्मत चयन भएकी प्रेस चौतारीकर्मी नानीमाया सापकोटा र सञ्चारिका समूह मकवानपुरमा अध्यक्षमा सर्वसम्मत चयन भएकी प्रेस चौतारी जिल्ला कार्यसमिति सदस्य निशा गुरुङलाई बधाईपत्र सहित शुभकामना प्रदान गरिएको थियो । कार्यक्रममा प्रेस चौतारी मकवानपुरकी अध्यक्ष सरिता दाहालले प्रस्तुत गरेको मकवानपुरको वार्षिक कार्ययोजनामाथि छलफल भएको थियो ।

अध्यक्ष दाहालले आगामी वार्षिक कार्ययोजनामा प्रेस चौतारी मकवानपुरको कार्यालय निर्माणको लागि जग्गा खोजी तथा भवन निर्माण कार्यलाई प्राथमिकतामा राखिएको छ । पत्रकारको सम्मान र पुरस्कारको लागि अक्षयकोष स्थापना गर्ने र कोषको ब्याजबाट सम्मान र पुरस्कार प्रदान गर्ने जनाइएको छ । चौतारी उपचार कोष स्थापना गर्ने, उपचार कोषबाट जिल्लाका चौतारीकर्मी दुर्घटनामा पर्दा र गम्भिर बिरामी भएर उपचार गर्नुपर्दा चौतारीकर्मीलाई कोषको ब्याजबाट सहयोग गर्ने कार्ययोजना अघि सारिएको छ ।

संगठनको नेतृत्वले जिल्ला पार्टीको सहयोगमा अनलाइन पत्रिका सञ्चालन गर्नुका साथै अनलाइन आगामी चौतारीको नेतृत्वमा आउने कार्यसमितिलाई हस्तान्तरण गर्ने र कम्पनीमार्फत विभिन्न योजनाका कार्यक्रमममा सहज बनाउने अध्यक्ष दाहालले प्रस्तुत गरिएको कार्ययोजनामा समेटिएको छ । यस्ता कार्यक्रम गर्दा पत्रकार महासंघ सदस्यता वृद्धि गरेर महासंघमा चौतारीको बलियो उपस्थिति बनाउन र पार्टीको मिसन ८४ लाई महत्वपूर्ण योगदान सक्षम बनाउने अपेक्षा गरिएको छ ।

६/६ महिनामा चौतारीकर्मीको लेखनसमीक्षा गर्ने, चौतारी सदस्यले पार्टीको प्रचारमा गरेको योगदालाई समिक्षा गरेर प्रोत्साहन र सम्मानको सुरुवात गर्नुका साथै प्रेस चौतारीको कार्यालयलाई व्यवस्थित बनाउनको लागि कार्पेट, टेबुलकुर्सी जस्ता फर्निचर, कम्प्युटर, प्रिन्टर, पंखा, दराजलगायतको व्यवस्थापन गर्न समन्वय र सहजीकरणको लागि अपिल गर्ने प्रेस चौतारीको वार्षिक कार्ययोजनमा समेटिएको छ । अध्यक्ष दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले मकवानपुरका सचिव सीता विष्ट, पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाई, मक्वानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको उपस्थिति थियो ।

# 'जार'मा आठ मिनेटको बाघका लागि दुई करोड खर्च




काठमाडौं/साहित्यकार इन्द्रबहादुर राईद्वारा लिखित कथामा आधारित भएर बनेको फिल्म 'जार'को ट्रेलरमा अभिनेता सौगात मल्ललाई बगरमा अजंगको बाघले लतारेको दृश्य देख्न सकिन्छ । उक्त बाघ वास्तविक भने होइन । भिएफएक्सबाट बाघ तयार गरिएको हो । तर, ट्रेलर हेर्दा बाघ वास्तविकजस्तो देखिन्छ । फिल्मका लागि बाघ तयार गर्न निर्माताले समय र रकम दुवै पर्याप्त खर्चिएका छन् ।

लेखक राईको कथामा नै बाघले मुख्य पात्रलाई लतारेको प्रशंग उल्लेख भएकाले फिल्ममा त्यो दृश्य अनिवार्य राख्नैपर्ने थियो । नभए कथा पढेका दर्शकले फिल्म हेर्दा अधुरो महसुस गर्ने निश्चित थियो । यसैले निर्देशक फुर्वा छिरिङ लामाले बाघको दृश्य राख्ने निर्णय गरे । त्यसका लागि भिएफएक्सको विकल्प थिएन । तर, बजेट ठूलो लाग्ने भएपछि निर्माण टिम अन्योलमा थियो ।

निर्देशक लामा भन्छन्, 'सुरुमा त मलाई यो सम्भव छ र भन्ने लागेको थियो । किनकि, कुनै पनि स्टुडियोलाई दिने हो भने यसका लागि कम्तिमा ८ देखि १० करोड रुपैयाँ खर्च लाग्छ । तर, हामीले फ्रिलान्सर भिएफएक्स आर्टिस्टलाई काम गरायौं ।' फ्रिलान्सर भिएफएक्स आर्टिस्ट प्रयोग गर्दा पनि दुई करोड रुपैयाँ खर्च भएको उनको भनाइ छ ।

करिब एक वर्ष समय लगाएर ३७ जना फ्रिलान्सर भिएफएक्स आर्टिस्टले बाघको दृश्यका लागि काम गरेको उनको भनाइ छ । उनका अनुसार उक्त दृश्यका लागि 'गेम अफ थ्रोन्स', 'मिसन इम्पोसिबल' जस्ता हलिउड फिल्मका भिएफएक्स आर्टिस्टले काम गरेका हुन् । फिल्ममा बाघको दृश्य मात्र आठ मिनेटको रहेको उनले बताए ।

२२५ वर्ष अगाडिको कथामा आधारित रहेर बनेको 'जार'मा सौगातसहित अनुप विक्रम शाही, अभिनेत्री गीताञ्जली थापा लगायतको मुख्य भूमिका छ । फिल्मको कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन् । सरवानन इलावार्सुको छायांकन रहेको फिल्ममा अखिलेश राईको सम्पादन छ भने झुमा लिम्बू र गंगा थापाको संगीत छ ।

# आईपीएल २०२५ :
# मुम्बई शीर्षस्थानमा उक्लिँदा राजस्थान प्लेअफ होडबाट बाहिर



काठमाडौं/मुम्बई इन्डियन्सले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा लगातार छैटौंसहित सातौं जित निकाल्दै प्लेअफ सम्भावना अझ बलियो बनाएको छ ।

बिहीबार राजस्थान रोयल्सलाई हराउँदै मुम्बई शीर्षस्थानमा उक्लँदा राजस्थान भने तीन खेलअगावै प्लेअफ होडबाट बाहिरिएको छ । मुम्बईले राजस्थानलाई १०० रनले हराएको हो ।

मुम्बईले दिएको २१८ रनको लक्ष्य पछ्याएको राजस्थान १६.१ ओभरमा ११७ रनमा अलआउट भयो । जोफ्रा आर्चरले सर्वाधिक ३० रन बनाउँदा कप्तान रियान परागले १६ रन बनाए ।

मुम्बईका लागि ट्रेन्ट बोल्ट र कर्ण शर्माले ३-३ विकेट लिँदा जसप्रित बुमराहले २ तथा दीपक चहर र हार्दिक पान्ड्याले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको मुम्बईले २० ओभरमा २ विकेट मात्र गुमाएर २१७ रनको योगफल खडा गरेको थियो । ओपनरद्वय रोहित शर्मा र रायन रिकेल्टनले अर्धशतक बनाएका थिए ।

रोहितले ५३ तथा रिकेल्टनले ६१ रन बनाए । पहिलो विकेटका लागि यी दुई मिलेर ११६ रनको साझेदारी गरेका थिए । दुई ब्याटर आउट भएपछि कप्तान हार्दिक र सुर्यकुमार यादव मिलेर ९४ रनको अविजित साझेदारी गर्दै बलियो योगफलमा पुऱ्याएका थिए ।

हार्दिक र सुर्यकुमार दुवै समान ४८ रनमा अविजित रहे । राजस्थानका लागि महीश थिक्साना र रियान परागले १-१ विकेट लिए ।

यस जितसँगै शीर्षस्थानमा उक्लिएको मुम्बईको ११ खेलमा १४ अंक छ । राजस्थानको ११ खेलमा ६ अंक मात्र छ ।

राजस्थान प्लेअफ होडबाट बाहिरिने दोस्रो टिम हो । बुधबार चेन्नई प्लेअफ होडबाट बाहिरिने पहिलो टिम बनेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# नेपाली विद्यार्थीको रहस्यमय मृत्यु :
# केआईआईटीविरूद्ध तत्काल कडा कारबाही गर्न एबीभीपीको माग



काठमाडौं/भारतको सबैभन्दा ठूलो विद्यार्थी संगठन अखिल भारतीय विद्या परिषद् (एबीभीपी)ले केआईआईटीमा नेपाली विद्यार्थी प्रिशा शाह मृत भेटिएको घटनालाई अत्यन्त पीडादायी भनेको छ ।

एबीभीपीले बिहीबार अबेर विज्ञप्ति निकाल्दै भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा पुनः एकपटक नेपाली विद्यार्थीले आत्महत्या गर्न बाध्य हुनु घिनलाग्दो र लज्जास्पद भएको जनाएको छ ।

केआईआईटीमा पहिलो वर्षको दोस्रो सेमेष्टर अध्ययन गर्दै रहेकी वीरगञ्ज निवासी प्रिशा शाह बिहीबार साँझ ८ बजे कलेजको होस्टलमा झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन् ।

यस्तो घटना बारम्बार हुँदा पनि राज्य सरकार किन मौन छ भन्ने प्रश्न गर्दै एबीभीपीका राष्ट्रिय महासचिव वीरेन्द्र सिंह सोलाङ्कीले केआईआईटीविरूद्ध तत्काल कडा कारबाही गर्न राज्य सरकारसँग माग गरेको छ ।

एबीभीपी भारतीय सत्ताधारी दल भारतीय जनता पार्टीको मातृसंस्था राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को विद्यार्थी संगठन हो । गत ४ फागुनमा केआईआईटीमा अध्ययनरत २० वर्षीया नेपाली विद्यार्थी प्रकृति लम्साल होस्टलमा मृत फेला परेकी थिइन् ।

आफूमाथि मानसिक दुर्व्यवहार र ब्ल्याकमेल भएकोबारे उनले दुई पटक कलेज प्रशासनमा उजुरी दिएकी थिइन् । तर, कलेजले गम्भीरतापूर्वक नलिँदा उनले मृत्युको बाटो रोजेकी थिइन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'जन्ते बाख्रो'को नयाँ पोस्टरमा के छ ?

काठमाडौं/आगामी जेठ २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'जन्ते बाख्रो'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । हास्य, रहस्य, र ग्रामीण परिवेशलाई संयोजन गर्दै तयार गरिएको पोस्टरमा फिल्मका मुख्य कलाकारहरु एउटा बाख्रालाई समात्न दौडिरहेका देखिन्छन् । यसले फिल्मको कथा बाख्राको वरिपरि घुमेको संकेत गर्छ ।

सार्वजनिक पोस्टरमा कलाकारहरु सौगात मल्ल, गरिमा शर्मा, आसिफ शाह, लोकेन्द्र लेखक, विशाल पहारी, कमल देवकोटा, रुषा न्यौपाने लगायत चित्रित छन् । सौगातको हात समातेकी गरिमा रोमान्टिक देखिएकी छन् भने आसिफको हातमा डोरी छ । बाख्रालाई पोस्टरको केन्द्रीय पात्र बनाइनुले कथावस्तुमा रहस्यात्मक र हास्यपूर्ण मोड हुनसक्ने अनुमान गर्न सकिन्छ । सिमोस सुनुवारको निर्देशन तथा प्रदीप भारद्वाजको लेखन रहेको फिल्ममा रमा थपलिया, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम, कुशल गजमेर लगायतको पनि अभिनय छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# फुटबल संघको आयब्यय गोलमटोल

संजीव रसाइली

हेटौंडा, १८ बैशाख/ जिल्ला फुटबल संघ मकवानपुरले गत संस्करणको स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकपको हालसालै हिसाब सार्वजनिक गरेको छ ।

हिसाब त सार्वजनिक भयो तर, जसले त्यो हिसाब हेर्छ त्यसको मस्तिष्क हल्लिन्छ । अझ देशका थुप्रै गोल्डकप फुटबल आयोजनाको खर्च देखेका र नजिकबाट बुझेका व्यक्तिले यो हिसाब हेरे भने त उनीहरुको मस्तिष्क मात्रै हल्लिँदैन, पूरै शरीर नै काप्छ, सायद । २०७५ सालदेखि जिल्ला फुटबल संघ मकवानपुरले २०८२ सम्म आइपुग्दा सातौं संस्करणको प्रतियोगिता गर्दैछ । २०६४ साल असार २५-साउन ५ सम्म 'जनआन्दोलन शहीद-२ स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता'को नाममा खेलाइएकोमा संघले ११ वर्षपछि 'भूगर्भ सिमेन्ट दोस्रो शहीद स्मृति मकवानपुर गोल्डकप' नाम दिइ पुन: प्रतियोगिता सुरु गरेको थियो ।

त्यसयता संघले प्रतियोगिता गर्दादेखि नै विभिन्न सरकारी निकायले सहयोग गर्दै आएका छन् । निजीक्षेत्रको सहयोग त कति हो, कति । हरेक वर्षको हिसाब फुटबल संघसँग सुरक्षित छ । तर, आशंका नभेटिएको हिसाब भने संघसँग कहिल्यै नभएको एक फुटबल समर्थकले सुनाए । यो कुरा चौथो संस्करणदेखि छैठौं संस्करणसम्मको आर्थिक लेखाजोखा मूल्यांकन गर्दा प्रस्ट हुन्छ । २०७८ माघमा सम्पन्न २० औँ संस्करणको आहा रारा गोल्डकपमा, १० लाख राशीको उपाधिमा जम्मा ६९ लाख ८९ हजार रुपैयाँ खर्च भएको थियो ।

यस्तै, २०८१ फागुन २४ देखि चैत २ गतेसम्म भएको पाँचथर गोल्डकपमा ४ 'ए' डिभिजन, २ विदेशी, १ बी डिभिजन र १ आयोजक टोलीसहित ८ टोली सहभागी थिए । विजेता टोलीलाई ११ लाख राशी प्रदान गरिएको यो प्रतियोगितामा ४५ लाख ३७ हजार खर्च भयो । दुबै प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीसहित विधागत पुरस्कारसमेत वितरण गरिएको थियो । तर, मकवानपुर फुटबल संघले आयोजना गरेको गोल्डकपमा यसका तुलनामा दोब्बर खर्च देखाइएको छ, जुन अस्वाभाविक देखिन्छ ।




२०७९ जेठमा सम्पन्न चौथो संस्करणमा १ करोड ९ लाख ६७ हजार, २०७९ माघमा सम्पन्न पाँचौं संस्करणमा १ करोड १९ लाख २२ हजार, र २०८० सालमा सम्पन्न छैठौं संस्करणमा ९१ लाख २४ हजार रुपैयाँ खर्च गरिएको देखाइएको छ । तीन संस्करणको खर्च विवरण विश्लेषण गर्दा तलबभत्ता, सुरक्षा, गेट, ब्यानरजस्ता सामान्य शीर्षकबाहेक, चौर व्यवस्थापन, अन्य, अफिस र गोल्डकप तयारीजस्ता अस्पष्ट शीर्षकमा अत्यधिक खर्च देखिएको छ । चिया, पानी, चिसो, नास्ता, अतिथिसत्कार र आयोजक पोशाकमा समेत मोटो रकम खर्च गरिएको उल्लेख छ । एउटै शीर्षकभित्र समेट्न सकिने खर्चलाई फरक-फरक शीर्षक दिई लाखौं रुपैयाँ खर्च देखाइएको छ ।

संघका पदाधिकारीहरुका अनुसार, लेखापरीक्षणका लागि खर्चको विल जुटाउन नसक्दा अतिरिक्त विल खरिद गर्नुपरेको थियो । साथै, नगरेको प्रचार-प्रसार, विज्ञापन, तालिम र टिसर्ट वितरणजस्ता शीर्षकमा पनि मोटा रकम खर्च भएको छ । खर्च नै नभएको हिसाबलाई खर्च देखाएर हिसाब मिलाइएको छ । अस्वभाविक खर्च राखेर जर्वजस्ती घाटा देखाइएको छ । कोषाध्यक्ष अमृत लुङ्बाले हिसाब सार्वजनिकमै स्वीकार गरेको विषय पनि हो, 'पैसा दिन बाँकी छ । त्यसैले खर्चमा राखेको हो ।'

भुक्तानी नै नभएको रकमलाई खर्चमा देखाउन मिल्दैन । पत्रकारहरुको तालिमको खर्च १ लाख ५० हजार छ । प्रत्येक शीर्षकको खर्च विवरण हेर्दा आवश्यकता भन्दा बढी, दोहोरो शीर्षक, र अस्पष्ट खर्चका कारण आर्थिक अपारदर्शिता स्पष्ट देखिएको छ । जानकारहरुका अनुसार, गोल्डकप र जिल्ला लिगको आयोजना नै संघलाई घाटामा पुऱ्याउने प्रमुख कारण बनेको हो । यद्यपि, संघले ऋण कति छ भन्ने कुरा आधिकारिक रुपमा सार्वजनिक गरिसकेको छैन । तीन संस्करणको निष्कर्ष हेर्दा दुईपटक करिब साढे २३ लाख रुपैयाँ नाफा भए पनि, पछिल्लो संस्करणमा २ लाख २४ हजार घाटा भएको देखाइएको छ । स्रोतका अनुसार, 'पुरुष फुटबल गराउँदा थप ऋण लाग्ने भएकाले यसवर्ष महिला फुटबल आयोजना गरिएको हो । महिलामा खर्च कम हुन्छ, त्यसैले बचेको रकमबाट ऋण तिर्ने योजना बनाइएको छ ।'

### आर्थिक गतिविधिमा मरिहत्ते, जिल्ला लिगमा छैन मतलब

संघले सञ्चालन गर्ने भनिएको फुटबल एकेडेमी योजना बोलीमै सीमित भयो । हरेक वर्ष हुनुपर्ने जिल्ला लिग नियमित हुन सकेन । संघको ध्यान जहाँ आर्थिक गतिविधि हुन्छ, त्यही केन्द्रित देखियो ।

गतवर्षको जिल्ला लिग पनि धेरै समयपछि भएको हो । गोल्डकप गराउन मरिहत्ते गर्ने संघले स्थानीय खेलाडी उत्पादन गर्ने लिग किन नियमित गर्न सकेन ? लिग नगर्ने खेलाडी उत्पादन नहुने, गोल्डकपमा बाहिरका खेलाडीलाई लाखौं खर्च गर्ने संघको नीति आफैंमा अव्यवहारिक छ । व्यक्तिगत लगानी र मिहेनतका आधारमा राष्ट्रिय टोलीदेखि नेपाल सुपर लिग र ए डिभिजन लिगमा पुगेका खेलाडीको श्रेय संघले लिएको देखिन्छ । यद्यपि खेलाडीको विकास र खेलकुदमार्फत पर्यटन प्रवर्द्धनका नारा व्यवहारमा उतारिन सकेनन् ।

### कमिकमजोरी भएको लामाले स्वीकारे

संघ मकवानपुरका अध्यक्ष टीकाराम लामाको यो अन्तिम कार्यकाल हो । विधानअनुसार, तेस्रो कार्यकालको लागि उनी योग्य छैनन् । उनको कार्यकालमा पाँचपटक गोल्डकप सम्पन्न भइसकेको छ भने एकपटक अझै बाँकी छ ।

यसअघि हेटौंडा रिसोर्टको हिसाब सार्वजनिक गर्ने प्रेस मिटमा अध्यक्ष लामा खर्चमाथि पत्रकारहरुको प्रश्न आउँदा धेरै बोलेनन् । कोषाध्यक्ष अमृत लुङ्वालाई मात्रै अघि सारिरहे ।

गत मंगलबार मकवानपुर फुटबल संघद्वारा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीको प्रश्नमा अध्यक्ष लामाले आफूसँग केही कमजोरीहरु भएको स्वीकार गरेका छन् । जिल्लाका महिला तथा पुरुष टोलीले मोफसलमा आयोजना भएका प्रतियोगितामा भाग लिँदै उपाधि जितेको उनले बताएका छन् । साथै, आफ्नै पालामा जिल्लामा देशभरका सबैभन्दा धेरै ९१ वटा म्याच जिल्ला लिग पनि सञ्चालन गरिएको उनले बताए ।

### स्थानीय तह सहयोग घट्दो

आर्थिक अनियमितताको विवादमा बर्षेनी पर्दै आएपछि स्थानीय तहहरुद्वारा दिइने बजेटमा पनि संघप्रतिको विश्वास घट्दै गएको देखिन्छ ।

तेस्रो संस्करणदेखि स्थानीय तहको लागत सहभागिता सुरु भए पनि, चौथो संस्करणमा ५८ लाख सहयोग गरिएकोमा पाँचौंमा करिब ४४ लाख ५० हजार र छैठौं संस्करणमा ३३ लाख ६६ हजारमा झरेको छ । यता आर्थिक अपादर्शीताको विवादमा संघ फस्दा पनि बागमती प्रदेश खेलकुद विकास समितिले भने बाषिक बजेट बृद्धि गर्दै गएको देखिन्छ ।

समितिले चौथोमा संस्करणमा ४१ लाख ९१ हजार, पाँचौमा ४३ लाख ३५ हजार र ४५ लाख ९१ हजार बजेट उपलब्ध गराएको छ । प्रदेशबाट सहयोग बढेपनि यसपटक स्थानीय तहबाट बजेट अझै घट्ने संकेत देखिएको पदाधिकारीहरु बताउँछन् ।

### कहिलेदेखि सुरू भयो शहिदस्मृति गोल्डकप ?

स्थानीय तह शहीद स्मृति मकवानपुर गोल्डकप मोफसलको एक चर्चित फुटबल प्रतियोगिता हो । यो प्रतियोगिता पहिलोपटक वि.सं. २०६४ साल असार २५ गतेदेखि साउन ५ गतेसम्म 'जनआन्दोलन शहीद-२ स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता'को नाममा खेलाइयो । उपाधि नेपालकै चर्चित ए डिभिजन क्लब थ्री स्टारले जितेको थियो ।

करिब ११ वर्षपछि, वि.सं. २०७५ साल चैत ७ गतेदेखि १७ गतेसम्म, जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा 'भूगर्भ सिमेन्ट दोस्रो शहीद स्मृति मकवानपुर गोल्डकप' नाम दिइ पुन: प्रतियोगिता सुरु गरिएको थियो । यस संस्करणको उपाधि घरेलु टोली रिगल हेटौंडा रिसोर्ट मकवानपुर-११ ले जित्दै इतिहास रच्यो । तेस्रो संस्करणदेखि मकवानपुरका १० वटा स्थानीय तहको लागत सहभागिता रह्यो । त्यसपछि प्रतियोगिताको नाम 'स्थानीय तह शहीद स्मृति मकवानपुर गोल्डकप' राखियो ।

वि.सं. २०७७ र २०७८ मा सम्पन्न तेस्रो र चौथो संस्करणमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले, पाँचौं संस्करण (२०७९) मा मनाङ मर्स्याङ्दी क्लबले र छैठौं संस्करण (२०८०) मा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले उपाधि जितेका छन् । यस गोल्डकपको सातौं संस्करण वि.सं. २०८२ मा महिलाको नाममा आयोजना हुँदैछ । प्रतियोगिता यही वैशाख १९ गतेदेखि गौरीटार रंगशालामा सुरु हुँदैछ । यसैबीच आयोजक मकवानपुर फुटबल संघ आर्थिक विवादको चपेटामा परेको छ ।

# फास्ट ट्र्याकको भौतिक प्रगति ३९ प्रतिशत



साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई-मधेश द्रुतमार्गको भौतिक प्रगति चैत मसान्तसम्म ३९ दशमलब ३४ प्रतिशत रहेको छ ।

नेपाली सेनाले जिम्मा लिएको आयोजना निर्माणको काम चालु आर्थिक वर्षको चैत मसान्त सम्मको भौतिक प्रगति ३९.३४ प्रतिशत रहेको छ । द्रुतमार्ग सडक आयोजना निर्माणको सम्पूर्ण वित्तीय प्रगति भने ४१.०६ प्रतिशत रहेको नेपाली सेनाका सूचना अधिकारी गौरव कुमार केसीले जानकारी दिएका छन् । आयोजनाको समष्टिगत कार्ययोजना अन्तर्गत रहेका १३ वटा निर्माण प्याकेजमध्ये हालसम्म प्याकेज नं. १, २, ३, ४, ५, ६, ७, ८ क, ८ ख, ९ क, ९ ख र १० निर्माणाधीन तथा कार्यान्वयनको चरणमा रहेको नेपाली सेनाले जनाएको छ ।

प्याकेज नं. ११ अन्तर्गत पर्ने खोकना-बुङमती खण्डमा जग्गा अधिग्रहणसम्बन्धी समस्या कायमै छ । जग्गा अधिग्रहण सम्बन्धी समस्या समाधानका लागि सम्भावित विकल्पको डिजाइनकार्य अगाडि बढाइएको नेपाली सेनाका सूचना अधिकारी केसीले जानकारी दिए । २०८१ चैत १९ गते बुङमती इलाकामा पर्ने बोसी खान्की गुठीको १०-०-०-१.०६ रोपनी क्षेत्रफल जग्गा आयोजनाको प्रयोजनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नाममा प्राप्त भएको र हालसम्म स्वीकृत डिपिआरबमोजिम खोकना-बुङमती इलाकामा मूल्य निर्धारण भई अधिग्रहण हुन बाँकी जग्गा १७८-९-०-१.७५ तथा मूल्य निर्धारण हुन बाँकी जग्गा १६५-६-०-३ रोपनी रहेको छ ।

आयोजनाको सातवटा सुरुङमार्गको कुल लम्बाइ १०.९७९ किलोमिटर रहेको छ । सुरुङमार्गको प्याकेज नं. १ अन्तर्गत महादेवटार सुरुङको जम्मा लम्बाइ तीन हजार ३५५ मिटरमध्ये हालसम्म तीन हजार ३२२ मिटर दायाँ टनेलमध्ये दुई हजार २९ मिटर अर्थात् ६१ प्रतिशत खन्ने कार्य सम्पन्न भएको छ । त्यस्तै प्याकेज नं. २ अन्तर्गत एक हजार ६९१ मिटर लम्बाइ रहेको धेद्रे सुरुङमार्ग र प्याकेज नं. ३ अन्तर्गत एक हजार ६२३ मिटर लम्बाइ रहेको लेनडाँडा सुरुङको ब्रेक थ्रु भइसकेको छ ।

नेपाली सेनाका अनुसार एक हजार मिटर लम्बाइ रहेको देवीचौर सुरुङ र ३९० मिटर लम्बाइ रहेको सिसौटार सुरुङको खरिद सम्झौता तथा डिजाइनकार्य सम्पन्न भई पोर्टल निर्माण भइरहेको सेनाले जानकारी दिएको छ । दुई हजार २५० मिटर लम्बाइ रहेको चन्द्रामभीर सुरुङको ९१.०३ मिटर निर्माण प्रगति भएको छ । त्यस्तै २०८१ कात्तिक २५ गते नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयबमोजिम स्वीकृत भई ५८३ मिटर लम्बाइ रहेको मौरीभीर सुरुङको डिजाइन निर्माण सुरु हुने चरणमा रहेको सूचना अधिकारी केसीले बताए ।

आयोजनाका जम्मा ८९ वटा पुलमध्ये ८५ पुल निर्माणका लागि खरिद सम्झौता भई निर्माणको चरणमा रहेको छ । हालसम्म आयोजना अन्तर्गत जम्मा पाँच स्थानका पुलको निर्माण सम्पन्न भइसकेको छ । नेपाली सेनाले चालु आर्थिक वर्षमा विभिन्न प्रकृतिका पुलसहित थप २० वटा पुलको निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको जानकारी दिएको छ । त्यस्तै द्रुतमार्गको २४ दशमलब ८ किलोमिटरदेखि ७० दशमलब ९७७ किलोमिटरसम्म पर्ने जग्गाको अधिग्रहण सम्पन्न भई निर्माण भइरहेको छ ।

द्रुतमार्ग निर्माणको क्रममा हालसम्म ४४ हजार ४२० वटा विभिन्न प्रजातिका रुख कटान गरिएको छ । कटान गरिएका रुखको बदलामा हालसम्म सात लाख पाँच हजार ५५२ बिरुवा रोपिएको नेपाली सेनाले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । सुरुवातमा एक खर्ब ७५ अर्ब रुपैयाँ लगानीमा सम्पन्न गर्ने भनिए पनि अहिले लागत बढेर दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ पुगेको छ ।

# रुखले च्यापीएर मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ मकवानपुरगढीमा रुखले च्यापीएर एकजनाको मृत्यु भएको छ । मोरङ मिथलाजुङ गाउँपालिका-१ घरभई हाल मकवानपुरगढी गाउँपालिका-७ सुकौरामा डेरागरी बस्ने ३१ वर्षीय राम राईको रुखले च्यापिएर मृत्यु भएको हो ।

स्थानीय रामबहादुर मोक्तानको बारीमा रुखढाल्ने कामगर्ने क्रममा आफैंले ढालेको रुखले च्यापीएर घाइते भई उपचारको लागि सुजन राईले मकवानपुर सहकारी अस्पताल ल्याएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए ।

## नगरप्रमुखको गुनासो:

# वनको सवालमा टुलुटुलु हेर्ने मात्र हो, अधिकार छैन



साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, स्थानीय महासंघ हेटौंडा उपमहानगरपालिकाको पहिलो स्थानीय परिषद् सम्पन्न भएको छ ।

स्थानीय महासंघ हेटौंडा उपमहानगर अध्यक्ष शम्भुप्रसाद न्यौपानेको सभाध्यक्षता एवम् हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा बोल्दै नगरप्रमुख लामाले स्थानीय तहलाई अधिकार नहुँदा मध्यवर्ती क्षेत्रको समस्या समाधान गर्न नसकेको बताइन् । 'वनको सवालमा हामी टुलुटुलु हेर्ने मात्र हो, हामीसँग अधिकार छैन' उनले भनिन् ।

वनलाई उत्पादनसँग जोडेर लैजानु पर्ने आजको आवश्यकता भएको उनको भनाई छ । नगर प्रमुख लामाले डढेलो नियन्त्रण तथा आम्दानीको स्रोतको रुपमा सामुदायिक वनक्षेत्रमा फलफूल रोपण अभियान थालिएको बताइन् । उनले सामुदायिक वनले वातावरण संरक्षणसँगै आर्थिक समृद्धिमा पनि योगदान गर्न सक्ने भएकाले हेटौंडा उपमहानगरले आवश्यक सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिन् ।

महासंघका अध्यक्ष न्यौपानेले विभिन्न सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरिरहेका कार्यक्रम, चूनौती, आगामी दिनमा गर्नुपर्ने कार्य, वन व्यवस्थापनमा भइरहेको प्रगति लगायत विषय समेटिएको सांगठानिक प्रतिवेदन प्रस्तूत गरेका थिए । हाल हेटौंडा उपमहानगरभित्र ६३ वटा सामुदायिक वन उपभोक्ता समूह रहेको उनले जानकारी दिए । यीमध्य १४ वटा सामुदायिक वन मध्यवर्ती क्षेत्रभित्र छन् । १५ हजार तीन सय ९४ हेक्टर बढी क्षेत्रमा फैलिएको स्थानीय महासंघ हेटौंडा उपमहानगरभित्र २१ हजार तीन सय ३७ घरधुरी आबद्ध छन् ।

महासंघभित्र आबद्ध वन समूहले लोपोन्मुख सालक संरक्षण सहित फर्निचर उद्योग, हस्तकला उद्यम सञ्चालन, विभिन्न स्थानमा पार्क तथा बालउद्यान निर्माण गरेका छन् । कार्यक्रममा १० नम्बर वडाअध्यक्ष फुर्वादोर्जे लामा, सामुदायिक वन महासंघका केन्द्रीय सदस्य रामहरि चौंलागाई, सामुदायिक वन महासंघ बागमती प्रदेश कोषाध्यक्ष नानीमैया रुम्बालगायत महासंघमा आबद्ध वन समूहका प्रतिनिधिको उपस्थिति थियो ।

# पूर्वउपराष्ट्रपति पुनले वाईसिएलको जिल्ला सम्मेलन उद्घाटन गर्ने




साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ योङ कम्यूनिष्ट लिग वाइसिएल मकवानपुरको पाँचौं जिल्ला सम्मेलन यही वैशाख २२ गते हुने भएको छ । नेकपा माओवादी केन्द्रका उपाध्यक्ष एवम् पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'को प्रमुख आतिथ्यतामा सम्मेलन हुन लागेको हो ।

उद्यमशीलता, नवप्रवर्द्धन र स्वरोजगार भन्ने मूलनाराकासाथ हुने सम्मेलन सुशासन, समृद्धि सामाजिक न्याय र समाजवादको पक्षमा केन्द्रित रहने बताइएको छ । सम्मेलनमा जिल्लाका दशवटै स्थानीय तहबाट करिब ४ सय प्रतिनिधि स्वयम्सेवक सहभागी रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । नेकपा माओवादी केन्द्र सम्बद्ध युवा संगठन वाईसिएल मकवानपुरले जिल्ला सम्मेलनको बारेमा जानकारी गराएको हो । सम्मेलनले युवाको सवाललाई सशक्त रूपमा उठान गरी पार्टी संगठनको नीतिगत तहमा पुऱ्याउन भूमिका खेल्नेछ ।

सम्मेलनले युवा पलायन, युवाको अवसर, चुनौती र समस्याबारे नीतिगत संवादको थालनी गर्ने उनले बताए । युवालाई आर्थिक सामाजिक, राजनीतिक तथा सुशासनका मुद्दामा सशक्त ढंगबाट अघि बढाउन भूमिका खेल्ने सशक्त जुझारु टिम अबको सम्मेलनले चयन गर्ने सम्योजक ठकुरीले बताए । सकेसम्म सहमतिबाटै नयाँ कार्यसमिति चयन गर्ने यदि सहमति नभए लोकतान्त्रिक बिधिबाट नयाँ कार्यसमिति चयन गरिने बताए । अहिले जिल्ला नेतृत्वको लागि पाँच जनाले इच्छा राखेको उनले बताए ।

पछिल्लो समय वाइसिएलमा युवाको आकर्षण बढेको र युवा परिचालनलाई ध्यानमा राखेर नयाँ कार्यसमिति तयार गरी अघि बढ्ने तयारी गरिएको उनले बताए । सम्मेलन आयोजनाका लागि ६ लाख रुपैयाँ खर्च हुने अनुमान रहेको उनले बताए । खर्च व्यवस्थापन आन्तरिक श्रोतबाट प्रतिनिधिमार्फत् संकलन गरिनेछ भने जिल्ला समिति र स्थानीय तहका नेतृत्वबाट पनि आर्थिक लगायत अन्य सहयोग लिने उनले बताए ।

हाल जिल्ला समितिमा २५ र स्थानीय तहका नेतृत्वको विभिन्न पदमा ३१ जना रहेका छन् । वाइसिएल मकवानपुरमा हाल २ हजार भन्दा बढी संगठित सदस्य रहेको ठकुरीले बताए । कार्यक्रममा जिल्ला सम्योजक भीम पाखिन, फ्याक्सन इन्चार्ज बिबेक राई, वाइसियल केन्द्रीय सचिव सुमन पाखिन, वाइसियल मकवानपुर जिल्ला सचिव मुक्ति लामा लगायतको उपस्थिति रहेको थियो ।


# शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०१।१९)*

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा, हेटौंडा, मकवानपुरको च.नं. ८०५, मिति २०८२।०१।१५ गतेको प्राप्त पदपुर्ति अनुमति र यस विद्यालयको वि.व्य.स.को मिति २०८२।०१।१७ गतेको बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको मा.वि. तह, द्वितीय श्रेणी (साविक उच्च मा.वि.)अनुदान कोटामा १ जना शिक्षक पदपुर्ति गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा इच्छुक नेपाली नागरिकहरुबाट रितपुर्वक दरखास्त आव्हान गरिन्छ । रित नपुगी म्याद नाघि पर्न आएको आवेदन उपर कुनै कारबाही हुने छैन।

**तपशिल**

१. विज्ञापन नं.: ०१/०८१/०८२
२. तह : मा.वि., द्वितीय श्रेणी (साविक उच्च मा.वि.)
३. अध्यापन गर्नुपर्ने विषय : लेखा
४. आवश्यक संख्या : १ (एक)
५. न्यूनतम शैक्षिक योग्यता : व्यवस्थापन विषय लिई स्नातकोत्तर तह उत्तीर्ण भएको ।
६. उमेर : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
७. सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार ।
८. छनौट प्रक्रिया : लिखित तथा अन्तर्वार्ता, आवश्यकता अनुसार प्रयोगात्मकसमेत ।
९. दरखास्त दिने अन्तिम मिति : २०८२।०२।०२ गते शुक्रबार (कार्यालय समय भित्र) ।
१०. सम्पर्क मिति : २०८२।०२।०४ गते आइतबार (कार्यालय समय भित्र)।
११. आवेदन दस्तुर : २,०००।-
१२. ग्राह्यता : अनुभवी शिक्षकलाई विषेश ग्राह्यता दिइनेछ ।
१३. आवश्यक कागजातहरु:
   क) हस्तलिखित निवेदन
   ख) नेपाली नागरिकताको प्रतिलिपी- १ थान
   ग) स्थायीअध्यापन अनुमति पत्रको प्रतिलिपी- १ थान
   घ) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी-१/१ प्रति ।
   ङ) शिक्षण अनुभवको प्रमाण पत्रको प्रतिलिपी-१ प्रति ।

प्रबोध विडारी (प्रधानाध्यापक)

**श्री निर्मल माध्यमिक विद्यालय**
हेटौंडा-१९, बस्तीपुर
सम्पर्क नम्बरहरु: ९८५५०१४७९९, ९८५५०६७७९९, ९८४५२१००५८



# शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०१।१९)*

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा, हेटौंडा, मकवानपुरको च.नं. ८०७, मिति २०८२।०१।१५ गतेको प्राप्त पदपुर्ति अनुमति र यस विद्यालयको वि.व्य.स.को मिति २०८२।०१।१७ गतेको बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको मा.वि. तह, तृतीय श्रेणीको गणित विषयको कोटामा १ जना शिक्षक करारमा पदपुर्ति गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा इच्छुक नेपाली नागरिकहरुबाट रितपुर्वक दरखास्त आव्हान गरिन्छ । रित नपुगी म्याद नाघि पर्न आएको आवेदन उपर कुनै कारबाही हुने छैन ।

**तपशिल**

१. विज्ञापन नं. : ०२/०८१/०८२
२. तह : मा.वि., तृतीय श्रेणी करार
३. विषय : गणित
४. आवश्यक संख्या : १ (एक)
५. न्यूनतम शैक्षिक योग्यता: मुख्य विषय गणित लिई स्नातक तह उत्तीर्ण भएको ।
६. उमेर: १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
७. सेवा सुविधा :नेपाल सरकारको प्रचलित नियमानुसार ।
८. छनौट प्रक्रिया : लिखित तथा अन्तर्वार्ता, आवश्यकता अनुसार प्रयोगात्मकसमेत ।
९. दरखास्त दिने अन्तिम मिति : २०८२।०२।०२ गते शुक्रबार (कार्यालय समय भित्र) ।
१०. सम्पर्क मिति: २०८२।०२।०४ गते आइतबार (कार्यालय समय भित्र) ।
११. आवेदन दस्तुर : १,५००।-
१२. आवश्यक कागजातहरु:
   क) हस्तलिखित निवेदन
   ख) नेपाली नागरिकताको प्रतिलिपी- १ थान
   ग) मा.वि. तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी-१ थान
   घ) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी- १/१ प्रति ।

**द्रव्यष्ट:** शिक्षक सेवा आयोगले प्रकाशन गरेको करार सूचिको उम्मेदवारको आवेदन परेमा नियमानुसार हुनेछ ।

प्रबोध विडारी (प्रधानाध्यापक)

**श्री निर्मल माध्यमिक विद्यालय**
हेटौंडा-१९, बस्तीपुर
सम्पर्क नम्बरहरु : ९८५५०१४७९९, ९८५५०६७७९९, ९८४५२१००५८


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना